# मुसिकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्या : ३ श्रावण १, २०७६

## भाग-१

### मुसिकोट नगरपालिका
### नगर कार्यपालिकाको कार्यालयको

### सूचना

## विनियोजन ऐन, २०७६

संवत् २०७६ सालको ऐन नं ३

<u>**प्रस्तावनाः**</u> मुसिकोट नगरपालिकाको आर्थिक बर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्न आवश्यक भएकोले, नेपालको संविधानको धारा २२९ को

उप-धारा (२) बमोजिम मुसिकोट नगर सभाको स्वकृतिको लागि यो ऐन बनाएइको छ ।

१.**संक्षिप्तनामर प्रारम्भः (१)** यस ऐनको नाम “मुसिकोट नगरपालिकाको विनियोजन ऐन, २०७६” रहेको छ ।

(२) यो ऐन २०७६ श्रावण १ गतेदेखि लागु हुनेछ ।

२.**आर्थिक वर्ष २०७६।०७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१)आर्थिकवर्ष २०७६।०७७ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ माउल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ६४,०१,२५,०००। (अक्षेरुपी ६४ करोड १ लाख २५ हजार रुपैयामात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।०७७ को निमित्त मुसिकोट नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा

रकमको २० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगतखर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यचालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानीखर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमानगर कार्यपालिकाबाट निर्णय गराई नगर सभाबाट अनुमोदन गर्नु पर्नेछ ।

# अनुसूचि-१
## (दफा २ संग सम्बन्धित)
## नेपालको संविधानको धारा २२९ (२) बमोजिम
## संञ्चित कोषबाट विनियोजन हुने रकम

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगरकार्यपालिका | १४,१६,४८,०००। | २३,५९,७७,०००। | | ३७,७६,२५,०००। |
| २ | | वडा समिति | ८,००,४०,००। | ३,६१,९६,०००। | | ४४२०००००। |
| ३ | | बिषयगत शाखा | २१,८३,००,०००। | ० | ० | २१,८३,००,००० । |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | | | | ० |
| ५ | | लगानी ( शेयर/ऋण) | ० | ० | ० | ० |
| | | | ३६,७९,५२,०००। | २७,२१,७३,००० | | ६४,०१,२५,००० |

आज्ञाले,<br>
माधव प्रशाद शर्मा<br>
प्रमुख प्रशासकीय अधिकृत